**चुलाचुली गाउँपालिका**

# गाउँकार्यपालिकाको कार्यालय

**अनुसूची २**

चुलाचुली गाउँपालिकाको

# राजपत्र

खण्ड १ संख्या ५० मिति २०७५/०२/०३

**भाग-२**

**चुलाचुली गाउँपालिका**
**कार्यपालिकाबाट जारी, व्याक्हो लोडर सञ्चालन तथा व्यवस्थापन सम्बन्धी**
निर्देशिका २०७५

आज्ञाले,
छविलाल खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

# व्याक्हो लोडर सञ्चालन तथा व्यवस्थापन सम्बन्धी
# निर्देशिका, २०७५

चुलाचुली गाउँपालिका क्षेत्रको समग्र भौतिक पुर्वाधार विकास लगायतका कार्यहरु र अन्य छिमेकी गाउँपालिका, नगरपालिका समेतमा पूवार्धार निर्माण कार्यमा स-शुल्क प्रयोग गर्नका लागि गाउँपालिका गाउँसभाको स्वीकृत कार्यक्रम अनुसार यस कार्यालयको स्वामित्वमा रहेको व्याक्हो लोडरहरु सञ्चालन र व्यवस्थापन गर्ने गराउने गरी स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ को (ट) (१) वमोजिम यो निर्देशिका गाउँ कार्यपालिकाबाट स्वीकृत भई जारी गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यो निर्देशिकाको नाम **"व्याक्हो लोडर सञ्चालन सम्बन्धी निर्देशिका २०७५"** रहेको छ ।

(ख) यो निर्देशिका कार्यपालिकाको वैठकबाट पारित भएका मिति देखि तुरुन्त लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

(क) "ऐन", भन्नाले स्थानीय सरकार संचालन २०७४ लाई सम्झनु पर्दछ ।

(ख) "गाउँपालिका" भन्नाले चुलाचुली गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले चुलाचुली गाउँकार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(घ) "अध्यक्ष" भन्नाले चुलाचुली गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले चुलाचुली गाउँपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

(च) "इन्जिनीयर" भन्नाले चुलाचुली गाउँपालिकाको इन्जिनीयरलाई सम्झनु पर्दछ

**३. उदेश्यः**

चुलाचुली गाउँपालिका संचालन गरिने पूर्वाधार विकासका कार्यक्रमहरु स्थानीय चुलाचुली वासि, संघसस्था, उपभोक्ता समिति, नेपाल सरकारद्धारा सञ्चालित विकास आयोजनाहरु, तथा छिमेकीहरुका विकास कार्यक्रम माग



भए अनुसार प्राथमिकताको आधारमा प्रयोगका लागि पठाउनका लागी आवश्यक भूमिकामा निर्वाह गर्नु नै यस निर्देशिकाको प्रमुख उदेश्य रहने छ ।

**व्याक्हो लोडर सञ्चालन तथा व्यवस्थापन समिति सम्बन्धी व्यवस्था :**

१) यस गाउँपालिकाको स्वामित्वमा रहेको व्याक्हो लोडरको उचित व्यवस्थापन तथा कार्यान्वयन गर्न गराउनका लागि देहाय बमोजिमको एक व्यवस्थापन तथा कार्यान्वयन समिती रहने छ । समितीको बैठक आवश्यक्ता अनुसार अध्यक्षको अध्यक्षतामा बस्न सक्नेछ र बैठकको सञ्चालन जिन्सीशाखा प्रमुखले गर्नु पर्नेछ ।

२) उपदफा १ बमोजिमको समितीले व्याक्हो लोडर व्यवस्थापन तथा सञ्चालन गर्नको लागि योजना शाखा हेर्ने प्रमुखको संयोजकतामा उप-समिती गठन गर्न सक्नेछ । उप-समितीले समितीले तोके बमोजिमको कार्य सञ्चालन गर्नेछ ।

| | |
|---|---|
| १. गाउँपालिकाको अध्यक्ष | - अध्यक्ष |
| २. गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| ३. गाउँ कार्यपालिकाले छनौट गरेका ४ जना कार्यपालिकाका सदस्य | - सदस्य |
| ४. गाउँपालिकाको इन्जिनीयर १ | - सदस्य |
| ५.जिन्सी शाखा प्रमूख | - सदस्य सचिव |

(क) व्याक्हो लोडर माग गर्ने व्यक्ति वा संघ संस्थाबाट गाउँपालिकाले स्वीकृत गरेको ढाँचामा दरखास्त गर्नुपर्ने छ ।

(ख) व्याक्हो लोडर माग गर्ने समिति व्यक्ति संघ-सस्थाको माग निवेदन उपर समितीको अध्यक्ष वा अध्यक्ष अनुपस्थित भएमा गाउँपालिकाको उपाध्यक्षबाट आदेश भए पश्चात के कती समयका लागि माग गरिएको हो समय वरावरको गाउँपालिकाले तोके अनुसारको शुल्क अग्रिम गाउँकार्यपालिकाको कार्यालयमा वा तोकेको वैंकमा रकम जम्मा गरेको सक्कलै भौचर पेश गर्नु पर्ने छ ।

(ग) व्याक्हो लोडर माग गर्ने व्यक्ति, वा संस्थाले गाउँपालिकाले तोकेको शुल्क बुझाए पश्चात पहिले दर्ता भएको निवेदनलाई पहिलो प्राथमिकता दिई खाटाईनेछ । यसका अतिरिक्त कामको प्रकृतिलाई समेत मध्यनजर गरी प्राथमिकताका साथ खटाउने व्यवस्था मिलाईनेछ ।

(घ) व्याक्हो लोडर अपरेटरलाई गाउँपालिकाको स्वीकृती लिखित वा सम्बन्धीत व्यक्तिको आदेश विना कुनै स्थान विषेशमा मेसीन लगी काम गर्ने गराउने अधिकार रहने छैन ।

(ङ) निवेदकले माग गरेको समय भन्दा वढी समय सम्म कामकाज गराउनु पर्ने भएमा मेसिन अपरेटरले तत्काल अध्यक्ष वा प्रमुख प्रशासकीय अधिकृतलाई खबर गरी थप कार्यादेश लिएर थप समयको रकम अग्रिल गाउँपालिकामा जम्मा गर्न लगाएर मात्र सञ्चालन गर्नु पर्ने छ ।

(च) मेसिन प्रयोग गरेवापत लाग्ने प्रतिघण्टा वा दिनको शूल्क निर्धारण गरी तोकीए बमोजिम हुनेछ ।

(छ) मेसिन फिल्डमा खटाउदा कार्यालय कम्पाउण्ड देखि काम सम्पन्न गरी पुन कार्यालय फिर्ताको थप समयको मिटरको हिसावले गणना गरी लाग्ने शूल्क मेसिन प्रयोगकर्ताले बुझाउनु पर्दछ ।

(ज) मेसिन खटी गएको स्थानमा काम सम्पन्न गरी कार्यालय फिर्ता भए पश्चात अपरेटरले कामको विवरण सहित मिटरको अध्यावधिक अभिलेख कार्यालय समक्ष पेश गर्नु पर्ने छ ।

(झ) अभिलेख अद्यावधिकको लागि उपभोक्ता समितीको विवरण समेत हेरी अद्यावधिकको लागि कार्यालयबाट आवश्यक फराम को व्यवस्था गरीने छ ।

(ञ) गाउँपालिकाबाट सोझै गरिने कामको समेत विवरण अद्यावधिक गरी लागत खडा गरिने छ ।

(च) व्याको लोडर माग गर्ने ब्यक्ति वा उपभोक्ता समितीले शूल्क बुझाउन गाउँपालिकाको कार्यालय वा गाउँपालिकाले तोकेको बैंकमा धरौटी हिसाव नं.............. मा जम्मा गरी सक्कलै भौचर पेश गर्नु पर्ने छ वा कार्यलयको राजश्व काउन्टरमा नगदै जम्मा गर्न सकिने छ ।

(छ) व्याको लोडरको काममा खटी तोकिएको समय भन्दा अगावै काम सम्पन्न भई प्रयोगकर्ताको धरौटी रकम संचित रहेको खण्डमा अपरेटरको तथा योजना शाखा वा प्राविधिकको सिफरिसको साथमा बचत हुन आउने रकम माग गरेको केहि दिन पछि मात्र फिर्ता गरिनेछ ।

## ५. ईन्धन तथा मर्मत सम्बन्धी व्यवस्था :

(क) इन्धन, लुब्रिकेन्ट तथा अन्य आवश्यक समाग्री माग गर्दा गाउँपालिकाले निर्धारण गरेको माग फारम भरि पेश गर्नुपर्ने छ । इन्धन तथा लुब्रिकेन्टस खपतको अद्यावधिक लागत मेसिन अनुसारको प्रमुख प्रशासकीय अधिकृतको सिफारिस सहित जीन्सी शाखाले अध्यक्ष समक्ष पेश गर्नु पर्ने छ ।

(ख) इन्धन तथा लुब्रिकेन्टस र मर्मत सम्बन्धी सम्पूर्ण कार्यको विस्तृत लागत अनुसारको अद्यावधिक राखिने छ ।

(ग) मेसिनको विभिन्न विषयको लिखित जानकारी अपरेटरले कार्यालयलाई पेश गरी वर्कशपमा चेकजाँच तथा मर्मत गर्नुपर्ने कार्यको विस्तृत विवरण माग गरी स्वीकृत भए अनुसारको मर्मत संभार कार्य गर्नु पर्ने छ ।



(घ) मर्मत संभार कार्य गर्दा गराउँदा मेशिन अपरेटर वा इन्जिनीयर वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको अन्य कुनै कर्मचारी वर्कशपमा व्याक्हो सहित आफै रहनु पर्ने छ ।

## ६. व्यको लोडर सञ्चालन सम्बन्धी शूल्क

गाउँपालिका भित्रका, कुनै व्याक्ति वा संघसस्था वा उपभोक्ता समिति वा विपद व्यवस्थापन सम्बन्धी कार्य सम्पन्न गर्न व्याकोलोडोर माग भै आएमा देहाय बमोजिमको शूल्क नगदै वा तोकिएको वैकको धरैटी खातामा अग्रिम वुझाउनु पर्नेछ ।

(क) व्यक्हो लोडर प्रति घण्टा गाउँपालिकाको योजनाको लागि १४००। -

(ख) व्याक्हो लोडर विपद व्यवस्थापनको लागी प्रति घण्टा ९००।-

(ग) व्याक्हो लोडर व्याक्तिगत वा संघसस्था गाउँपालिका भित्र १६००।-

तर गाउँपालिका भन्दा वाहिर विपद परि माग भएमा र दिन सकिने अवस्था भएमा समितीले स्थान र दुरीको मूल्याङ्कन गरि प्रचलित दर रेटकै आधारमा शुल्क निर्धारण गर्नेछ ।

## ७. कर्मचारी व्यवस्थापन

(क) व्याक्हो लोडर सञ्चालन गर्नका लागि आवश्यक पर्ने १ जना अपरेटर तथा अपरेटरको लागि सहयोगी १ जना समेत गरेर जम्मा २ जना जनशक्ति करार सेवामा नियुक्ति गरिने छ ।

ख) व्याक्हो लोडर अपरेटरले मासिक रुपमा निजले पाउने सेवा सुविधाका सम्बन्धमा समिती र अपरेटरको आपसी सहमती तथा करार सम्झौतामा उल्लेख गरि सोको आधारमा तय गरिनेछ ।

ग) व्यक्हो लोडर अपरेटरको सहयोगीलाई आपसी सहमतीको आधारमा दैनिक ज्याला करार सम्झौतामा उल्लेख गरी उपलब्ध गराईने छ ।

(घ) अपरेटर तथा अपरेटरको सहयोगीलाई कार्यालयले दिएको अन्य कुनै पनि कार्य विवरण तथा निर्देशन दिएकोमा सो कार्य सम्पादन गर्दा निर्देशन विपरित काम गर्नाले कार्यालयलाई हानी नोक्सानी र क्षती हुन गएमा तत्काल करार भङ्ग गरी भएको नोक्सानी तथा क्षतीको विवरणका आधारमा अपरेटर तथा सहयोगीबाट असूल उपर गरिने छ ।

## ८. विविध :

(क) मेसिनको माईल मिटर लगायतका आधारभूत कार्य अद्यावधिक राख्ने दायित्व मेसिन अपरेटरको हुनेछ ।

(ख) मेसिन अपरेटरलाई आवश्यक सहयोग पुर्‍याउनका लागि १ जना सहायक अपरेटर सहयोगी समेतको वयवस्था गरिनेछ ।

(ग) मेसिन कार्यालय प्रमुख वा अध्यक्ष र समितीको नियन्त्रणमा रहनेछ । यसका अतिरिक्त गाउँपालिकाको अन्य

कर्मचारी जो कोहीले पनि यसको रेखदेख तथा सामान्य नियन्त्रण गर्न सक्नेछ ।

(घ) मेसिन फिल्डमा खटाउने जिम्मेवारी अध्यक्ष तथा प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारीमा हुनेछ ।

(ङ) यस निर्देशिकालाई आवश्यक संसोधन वा थपघट गर्नुपर्ने भएमा गाउँपालिकाले थपघट वा संसोधन गर्न सक्नेछ ।



**अनुसूचिहरु :**

अनुसूचि १ व्याक्हो लोडर माग गर्दा दरखास्त फारम

अनुसूचि २ व्याक्हो लोडर मर्मत निवेदन फारम

**(व्याक्हो लोडर माग सम्बन्धी निवेदनको दाचा )**

अनुसूचि १

मिति......................

चुलाचुली गाउँपालिकाको कार्यालय,

चुलाचली, इलाम ।

विषयः व्याक्हो लोडर उपलब्ध गरीपाँउ ।

महोदय,

यस चुलाचुली गाउँपालिकाको व्याकोलोडर आवश्यक परेकोले देहायको विवरण भरी माग गरेको छु छै , नियमानुसार लाग्ने शुल्क दिई व्याको लोडर, खटाईदिनु हुन अनुरोध छ ।

| व्यक्होलोडर माग गर्ने ब्याक्ति वा संघसस्था वा उपभोक्ता समितिको नाम, ठेगाना | कामको विवरण | व्याक्हो लोडर प्रयोग हुने स्थान | अनुमानित लाग्ने समय | कैफियत |
|---|---|---|---|---|
| | | | | |

माग गर्नेको दस्तखत

गाउँपालिकाका कार्यालयको तर्फबाट भर्ने

| गाउँपालिकाबाट खटीने स्थान सम्म लाग्ने अनुमानित समय | माग गरिएको समय | अनुमानित लाग्ने समय | अनुमानित समयको शुल्क | जम्मा गर्ने शुल्क |
|---|---|---|---|---|
| | | | | |

योजना शाखा
पेश गर्ने

इन्जिनीयर
सिफारिस गर्ने

राजश्व शाखाले भर्ने

| रसिद नं. र मिति | जम्मा गरिएको रकम | रकम बुझाउनेको दस्तखत |
|---|---|---|
| | | |

स्वीकृत गर्नेको दस्तखत

(व्याक्हो लोडर मर्मत सम्बन्धी निवेदनको ढाँचा)
अनुसूचि २

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
चुलाचली गाउँपालिकाको कार्यालय
चुलाचुली इलाम ।

विषय: व्याक्हो लोडर मर्मत सम्बन्धमा ।

महोदय,

यस चुलाचुली गाउँपालिकाको व्याक्हो लोडरको तपशिलको पार्टसमा खरावी आई संचालनमा वाधा परेको हुनाले चेकजाच गराई मर्मतको वयवस्था मिलाईदिनु हुन यो निवेदन पेश गर्दछु , श्रीमान ज्यूको जो आज्ञा ।

तपशिल

| समस्या आएको सामान वा पार्टसको विवरण | परिमाण | सामान फेर्नुपर्ने वा मर्मत गर्नुपर्ने | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

मेसिन अपरेटरको दस्तखत

इन्जिनीयरले भर्ने :

उपरोक्त सामान फेर्नुपर्ने मर्मत गर्नुपर्ने देखिएकोले सिफरिस गर्दछु ।

दस्तखत